## कार्यपालिका बैठक संख्या- १७

मितिः- २०८३।०३।०४

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८३।०३।०४ गतेको १६औं बैठकबाट भएका निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** मिति २०८३।०२।२२ गते बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकबाट राजश्वका श्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी पेश भएको आगामि आ.व. २०८३/०८४ को लागि राजश्वको श्रोत, दायरा तथा दर सम्बन्धी प्रस्तावलाई स्वीकृत गरी आगामि गाउँसभामा पेश गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ३-** विजयनगर गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं (वर्षे) अधिवेशन निम्न मिति, समय र स्थानमा गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

मितिः- २०८३।०३।९ गते मङ्गलबार

समयः- दिनको २ बजे

स्थानः- गाउँपालिका सभाहल, खडैंचा

**निर्णय नं. ४-** यस गाउँपालिकाबाट चालु आ.व. २०८२-०८३ का लागि स्वीकृत तपसिल बमोजिमका योजना/कार्यक्रमहरुलाई आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी देहायानुसार संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | संशोधन भइ कायम हुने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | त्रैमासिक रुपमा वडा स्तरीय अभिभावक भेला तथा अतिरिक्त कृयाकलाप कार्यक्रम (क्र.सं. ३९४) | रु. २ लाख | ७ नं. वडाका विद्यालयहरुमा पङ्खा खरिद | रु. ९५ हजार | |
| | | | ७ नं. वडाका बालविकासहरुका लागि शैक्षिक खेल सामग्री खरिद | रु. ७५ हजार | |
| २ | वरगदी सोमईमाई थान थान व्यवस्थापन वडा नं. ४ (क्र.सं. ११४) | रु. १ लाख | मिलनचोक पश्चिम रहेको कल्भर्ट मर्मत | रु. १ लाख | वडा नं. ४ |
| ३ | शंकरपुर खेलमैदानमा व्याडमिन्टन कोर्ट निर्माण (कार्यपालिका बैठक नं. ५ ) | रु. २ लाख | वरगदवा सडक स्तरोन्नती | रु. ५ लाख | वडा नं. ४ |
| ४ | त्रिपालनगर मन्दिरमा पर्खाल मर्मत (क्र.सं. ३३९) | रु. ३ लाख | | | |

**निर्णय नं. ५-**

निम्न संस्था /समिति/ योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल, नेपाल वि.ओ.पि. | विजयनगर-५, डालपुर | नल (ह्याण्ड पम्प) जडान | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | मागमा आधारित सहयोग साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| २ | पत्थरदेइया नहर सफाई | विजयनगर-३, पत्थरदेइया | नहर सफाइको लागि | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | |
| ३ | पुष्पा मौर्य | विजयनगर-६, कपिलवस्तु | औषधोपचार | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | मागमा आधारित सहयोग कार्यक्रम |

आ.व. ...२।०८३

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरुहरिया, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

...लाल विश्वकर्मा प्रमुख प्रशासकीय अधिकृत

२०८३।०३।०४

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका